annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १५०, पृष्ठ ८ | काठमाडौं, शनिबार ११ असोज २०८२ | आश्विन शुक्लपक्ष षष्ठी, नेपाल संवत् ११४२ | SATURDAY, SEPTEMBER 27, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# अझै लयमा आउन सकेन बागमती सरकार

जेन–जी आन्दोलनको क्रममा अधिकांश संरचना ध्वस्त भएपछि बागमती प्रदेश सरकार अझै लयमा आउन सकेको छैन। पूर्ण क्षति पुगेका प्रदेश सरकारका निकायहरू नियमित सञ्चालनमा आउन प्रयासरत छन्। पूर्ण क्षति पुगेका मन्त्रालय तथा मातहतका निकायहरू नयाँ कार्यालय व्यवस्थापनमा व्यस्त छन्। जेन–जी आन्दोलनको दुई साता बित्दा पनि कार्यालय नियमित गरेका निकायहरूमा समेत सेवाग्राही न्यून छन्।

समाचार पृष्ठ २

कृष्ण सारु मगर | हेटौंडा

– को रिपोर्ट

## एमाले नेताहरूलाई राष्ट्रपतिले भने, ‘चुनाव अब निर्विकल्प’



**काठमाडौं** (अन्नपूर्ण) : राष्ट्रपति रामचन्द्र पौडेलले आफूले कठिन राजनीतिक परिस्थितिलाई सम्हालेर चुनावमा जाने ढोका खोलेको भन्दै एमाले नेताहरूलाई यस अवसरलाई जिम्मेवारीपूर्वक प्रयोग गर्न सुझाव दिएका छन्। जेन-जी आन्दोलनपछि मुलुक नयाँ राजनीतिक चरणमा प्रवेश गरेको बेला बिहीबार शीतल निवासमा एमालेका शीर्ष नेताहरूसँग करिब दुई घण्टा उनले भेटघाट गरे। त्यसमा राष्ट्रपति पौडेलले लोकतान्त्रिक दलहरूको भूमिकालाई अझ सबल बनाउन आग्रह गरेका हुन्।

वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेललगायत नेताहरूले राष्ट्रपति निवास पुगेका थिए। उनीहरूले आन्दोलनपछिको राजनीतिक परिस्थिति, अन्तरिम सरकारको भूमिका र आगामी कोर्सबारे विस्तृत धारणा राखे। दलहरूलाई बेवास्ता गरेर सरकार अघि बढ्ने आशंका बढेको भन्दै उनीहरूले संवैधानिक सीमाभित्रैबाट राष्ट्रपतिले हस्तक्षेपकारी भूमिका खेल्नुपर्ने सुझाव दिए।

» बाँकी पृष्ठ ८

## माओवादी केन्द्रीय समिति भंग, मंसिरमा विशेष महाधिवेशन

### सबै नेताको सम्पत्ति छानबिन गर्न शक्तिशाली आयोग गठन गर्ने

सुरेन्द्र काफ्ले | काठमाडौं

जेन–जी आन्दोलनले नेकपा माओवादी केन्द्रमा तरंग ल्याएको छ। बिहीबार र शुक्रबार चलेको केन्द्रीय समिति बैठकले माओवादी केन्द्रले केन्द्रीय समिति भंग गरेको छ। केन्द्रीय समितिआयोजक समितिमा परिणत भएको छ। अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले अध्यक्ष छोडेको घोषणा गरेका छन्। उनले भनेका छन्, ‘म अब माओवादीको अध्यक्ष रहिनँ, संयोजक भएँ।’

दुई दिनदेखि चलेको केन्द्रीय कमिटी बैठकले केन्द्रीय समिति भंग गर्दै प्रचण्डकै संयोजकत्वमा महाधिवेशन आयोजक समितिमा रूपान्तरण गरिएको छ। पदाधिकारी नै आयोजक समितिको सचिवालयमा रूपान्तरण हुने भएका छन्। बैठकको निर्णयबारे जानकारी दिँदै उपाध्यक्ष एवं प्रवक्ता



अग्निप्रसाद सापकोटाले पार्टी पदाधिकारीलाई आयोजक समितिको सचिवालयमा रूपान्तरण गर्ने निर्णय भएको बताए।

उनले महाधिवेशन मंसिरमा गर्ने निर्णय पनि गरिएको बताए। ‘महाधिवेशन मंसिरको अन्त्यमा हुनेछ,’ उनले भने।

केन्द्रीय समिति बैठकले पार्टीभित्रका नेता-कार्यकर्ताको सम्पत्ति छानबिन गर्न शक्तिशाली आयोग गठन गर्ने निर्णय पनि भएको छ। उनले भने, ‘पार्टीभित्रका नेता तथा कार्यकर्ताको सम्पत्ति छानबिन गर्न शक्तिशाली आयोग गठन गर्ने निर्णय पनि भएको छ।’

नेपोटिज्मको आरोप आफूहरूमाथि पनि रहेकाले कार्यशैली परिवर्तन गर्न नेताहरूलाई निर्देशन गरिएको छ। माओवादीले नेपोटिज्म हटाउने पनि बताएको छ।

माओवादीको निर्णयमा भनिएको छ, ‘नेपोटिज्मको हामीमाथि पनि आरोप छ, कार्यविधि बनाएर पारिवारिक सदस्यहरूका बारेमा निर्णय लिने। संस्कार, कार्यशैली र चालचलनसम्बन्धी नीति बनाउने।’

प्रवक्ता सापकोटाले कार्यालय, सचिवालय र परिवारको व्यवस्थापनमा नितान्त नयाँ ढंगले सोच्ने निर्णय भएको पनि बताए।

माओवादी केन्द्रले सबै तहका संरचनामा जेन-जीको प्रतिनिधित्व अनिवार्य गर्ने निर्णय गरेको छ। निर्णयमा भनिएको छ, ‘जेन-जीलाई पार्टीका सबै कमिटीमा अधिकतम सहभागी गर्नुपर्नेछ।’ पार्टीमा युवाहरूलाई प्राथमिकता दिने नीति अख्तियार गरिएको छ। पार्टीले आईटी कामलाई उच्च प्राथमिकतामा राखेर काम गर्ने भएको छ।

» बाँकी पृष्ठ ६

## फिलिपिन्समा भीषण आँधी


### ४ लाख विस्थापित, ३ को मृत्यु

**मनिला** (एजेन्सी) : फिलिपिन्समा गम्भीर उष्णकटीबन्धीय आँधी बुआलोईले प्रहार गर्दा कम्तीमा तीन जनाको मृत्यु भएको छ। करिब चार लाख मानिसलाई सुरक्षित स्थानमा सारिएको छ। देश अझै पनि यसअघि आएको सुपर टाइफुन रागासाको प्रभावबाट प्रभावित छ।

दक्षिणी लुजोनको बिकोल क्षेत्रमा एक सय १० किलोमिटर प्रतिघण्टाको गतिमा पश्चिमबाट उत्तरपश्चिम फैलिएको आँधीका कारण पर्खाल ढलेका, रुख उखेलिएका र छत उडाएका घटनामा तीन जनाको ज्यान गएको अधिकारीहरूले जनाएका छन्।

आँधीले मासबेट प्रान्तमा आश्रय लिइरहेका निर्वासितहरूले ठूलो क्षति बेहोरेका छन्। करिब चार लाख मानिस सुरक्षित स्थानमा पुऱ्याइसकिएको नागरिक सुरक्षा अधिकारी बर्नार्डो अलेजान्ड्रोले पत्रकार सम्मेलनमा जानकारी दिए।

» बाँकी पृष्ठ ८




## गाउँ उठीबास लगाउँदै मुक्तेनको पहिरो

हरिबहादुर लम्जेल | धनकुटा

वर्षौंदेखि बसिरहेको घर आफैंले भत्काउनुपर्दा साँगुरीगढी गाउँपालिका–६ मुक्तेन गाउँका रणबहादुर मगरको मन उदास थियो। पहिरोको जोखिमले घर भत्काउनुपर्दा गहभरि आँसु थिए। घरबारी बस्नै नहुने गरी पहिरोले भाँसिएपछि दुईतले घर भत्काउन उनी बाध्य भए। मंगलबार उनको घर भत्काउन छरछिमेकीले सहयोग गरिरहेका थिए। घरसहित उनको २३ रोपनी जग्गा थियो। २३ रोपनी जग्गामध्ये अधिकांश भूभाग पहिरोले चर्किएको छ। अहिलेसम्म करिब ७ रोपनी जग्गा पहिरोले लगिसकेको रणबहादुरले बताए। बाँकी भएको जग्गा पनि चर्किएको छ। बर्सेनि पहिरोको क्षेत्र बढ्दै गइरहेको छ। त्यो जग्गा पनि पहिरोले कुन दिन लाने हो टुंगो छैन। कुन बेला लैजाने हो भन्ने पिरलो लागिरहने उनी बताउँछन्।

ढुंगा, माटो र टिनको छानोले बनेको उनको दुईतले घर चर्किएर बसोबास गर्न नमिल्ने अवस्थामा पुगेको थियो। घरको भित्री भाग चर्किएका थिए। आँगन एक फिट तल धसिएको छ। हालै निर्माण गरेको पक्की शौचालयसमेत चर्किएको छ । उनको परिवारमा सात जना छन्।



साँगुरीगढी गाउँपालिका–६ पहिरोको जोखिममा रहेको मुक्तेन गाउँ। ● हरिबहादुर लम्जेल

अहिले छरछिमेककै सरसहयोगमा एक सय मिटर पर सुरक्षित ठाउँमा टहरा निर्माण गरिरहेको उनले बताए।

त्यस्तै सोही गाउँका ३५ वर्षीय राजकुमार मगरको घर पनि बस्नै नहुने गरी चर्किएको छ। पाँच जनाको परिवार रहेको उनलाई अब कहाँ बस्ने भन्ने पिरले सताउन थालेको छ। ढुंगा, माटो र टिनको छानोले बनेको दुईतले कच्ची घरको विभिन्न भाग चर्किएको उनले बताए।

साँगुरीगढी गाउँपालिका– ६ मुक्तेन ठूलो बस्ती भएको गाउँ हो। केही वर्ष अघिसम्म यहाँ १ सय २ घरपरिवारको बसोबास थियो। पहिरोको जोखिमकै कारण यहाँबाट विस्थापित हुँदै बसाइँ सर्ने क्रम बढ्दै गएको छ। ‘१ सय २ घरमध्ये हालसम्म ३८ घरपरिवार बसाइँ सरिसकेका छन्’ रणबहादुर भन्छन्, ‘अहिले मुक्तेन गाउँमा ६४ घरपरिवारको मात्रै बसोबास रहेको छ।’ अधिकांश बसाइँ जानुको मुख्य कारण पहिरो नै रहेको उनी बताउँछन्।

गाउँ नजिकैको पहिरो बिस्तारै बस्तीसम्म आइपुगेको छ। पछिल्लो समय दर्जनभन्दा घरपरिवार विस्थापित भइसकेका छन्। अरू घरपरिवार पनि विस्थापित हुने क्रममा छन्। केही दिन अघिमात्रै लगातार अविरल वर्षापछि खसेको पहिरोले नौ घर उच्च जोखिममा परेका थिए। घरहरू बस्नै नहुने गरी चर्किएका छन्। स्थानीयले घर भत्काएर अन्यत्र अस्थायी टहरा बनाएर सर्न थालेका छन्।

पहिरोकै कारण ४४ वर्षीय केवलप्रसाद मगरको ढुंगा-माटो र टिनको छानोले बनेको दुईतले घर पूर्ण रूपमा क्षति भएको छ। अहिले नजिकै अस्थायी टहरा बनाई चार जनाको परिवारसहित बसोबास गरिरहेको केवलप्रसाद मगरले बताए।

» बाँकी पृष्ठ ६